**Flow Chart नं. १**

**आ.व. २०७७/०७८ को कार्यक्रम**

- ✓ संघीय सरकारको विशेष अनुदान अन्तर्गत स्वीकृत बजार नाला तथा फोहोरमैला व्यवस्थापन शीर्षक कार्यक्रम
- ✓ लागत अनुमान गाउँपालिकाबाट पेश नगरी लुकाएको, नभएको।

**आ.व. २०७७/०७८ को कार्यक्रम बोलपत्र आव्हान**

- ✓ प्रथम पटक Construction of Steel Truss Structure For Shadow at Dhanauji Bazaar शीर्षकमा मिति २०७७/१२/२२ गते बोलपत्र आव्हान गरेको,
- ✓ गाउँपालिकाको अध्यक्ष बद्रि नारायण सिंहको अध्यक्षतामा मिति २०७८।०१।१३ गतेको बैठकको निर्णयबाट गैरकानूनी तवरवाट आयोजना संशोधन गरी बजार सेट सटर RCC Building Construction निर्माण कार्य गर्ने निर्णय गरेको,
- ✓ ३ वटा (एलेक्स निर्माण, राजिव बिल्डर्स र एकता सप्लायर्स) बोलपत्रदाताले बोलपत्रमा भाग लिएको,
- ✓ तीनवटा फर्महरुले BOQ को सि.नं.१३ को Cement sand/flushing plaster आइटममा निर्माण व्यवसायी एलेक्स निर्माणको रु.२०२।-, राजिव बिल्डर्सको रु.२०१।- र एकता सप्लायर्सको रु.२००।- दररेटमा रु.१/१ (एक/एक) को मात्र फरक पारि दररेट भरेको। अन्य आइटममा दररेट सबै एउटै रहेको ।

**धनौजी गाउँपालिका र निर्माण व्यवसायी बिच सम्झौता**

- ✓ एकता सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि धनौजी गा.पा. वडा नं.१ धनुषाको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको भनी करिव लागत अनुमान कै मूल्य रु.४२,२२,५९५।०४ (मू.अ. कर बाहेक) मा निर्माण व्यवसायी र धनौजी गाउँपालिका बिच मिति २०७८/०२/०६ गते सम्झौता गरेको ।
- ✓ मितिमा २०७८ असार २५ गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायीलाई कार्यदिश समेत दिएको ।

**निर्माण व्यवसायीलाई भएको बिल भुक्तानी**

- ✓ मिति २०७८/०३/१५ गते पहिलो रनिङ बिल वापत रकम रु.१८,१२,४०४।५३ भुक्तानी भएको।
- ✓ मिति २०७९/०३/२४ गते दोस्रो रनिङ्ग बिल बापत रकम रु.१३,२२,३७४।- भुक्तानी भएको ।
- ✓ जम्मा भुक्तानी रकम रु.३१,३४,७७८।-

**निर्माण कार्यको म्याद थप।**

- ✓ मिति २०७८/१०/१७ को पत्रबाट मिति २०७८/०३/२५ गते देखि लागू हुने गरी मिति २०७८/१२/२५ गते भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण कार्यको प्रथम पटक म्याद थप भएको ।
- ✓ मिति २०८०/०२/०२ गतेको पत्र मार्फत म्याद थपको कागजात पठाइएको तर म्याद थप गरेको बैंक जमानत पेश नगरेको र म्याद थप मिति २०७८/१२/२५ गतेदेखि लागु हुनुपर्नेमा मिति २०७९/०३/२३ गतेदेखि लागु हुने गरी म्याद थप लगायतको गलत लिखत तयार गरेगराएको देखिएको।

**आयोगको कार्यलय बर्दिवासको स्थलगत निरिक्षण ।**

- ✓ आयोगबाट मिति २०८१/०२/२७ गते भएको स्थलगत निरिक्षण हुँदा रकम रु.९,००,०४४।०२ (अक्षरुपी नौ लाख चवालीस रुपैयाँ र पैसा दुई) बराबर काम कम भएको भनि प्रतिवदन पेश गरेको
- ✓ मिति २०७८।१२।२५ गते पछि सम्झौताको म्याद सकिएको र निर्माण कार्य अधुरो अपुरो रहेको।

**निर्माण कार्यको हालको अवस्था ।**

- ✓ आर्थिक वर्ष २०७८/०७९ पछि कार्यक्रम पनि नरहेको र निर्माण कार्य अधुरो र प्रयोगविहीन अवस्थामा रहेको समेत भन्ने व्यहोराको मिति २०८१।१२।१७ गतेको गाउँपालिकाको पत्र प्राप्त।
- ✓ मिति २०८२/०२/०९ गतेको गुठी संस्थान जनकपुरधामको पत्रबाट उक्त योजनाको निर्माण स्थल गुठी तैनाथी जग्गा रहेको र संस्थाबाट कुनै सहमति, सम्झौता तथा करारसमेत नगरेको भन्ने व्यहोराको पत्र।

